# त्रिवेणी गाउँपालिकाको
# पाँचौ गाउँसभामा पेश गरिएको
# आ.व.२०७६।७७ को नीति तथा कार्यक्रम

नेपाली जनताको लामो संघर्ष र बलिदाद्वारा प्राप्त संघिय लोतान्त्रिक गणतन्त्र नेपालको स्थापना भई नेपालको संविधान २०७२ द्वारा नेपालमा संघिय सरकार प्रदेश सरकार र स्थानीय सरकार गठन भई संविधानको कार्यान्वयन भइरहेको आजको यस परिवेसमा हामी त्रिवेणी गाउँपालिकाको पाँचौ गाउँसभा सम्म आइपुगेकोछौ । सर्वप्रथम आजसम्मको यो यात्रामा देसलाई परिवर्तन गर्ने महान ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धासुमन अर्पन गर्दछु । वर्तमान संविधान जारी गर्ने संविधान सभाका सभासद र नेतृत्वप्रति सम्मान प्रकट गर्दछु । सार्भौमसत्ता जनतामा निहित वर्तमान अवस्थामा त्रिवेणी गाउँपालिका राष्ट्रिय अभियानमा सहभागि हुदै समृद्ध नेपाल बनाउने यात्रासंगै सुन्दर समृद्ध त्रिवेणीको परिकल्पनालाई सार्थक तुल्याउन आ.व.२०७६।७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नपाउदा गौरवान्वित भएकोछु ।
प्राकृतिक सुन्दरता भौगोलिक विविधता,सामाजिक सदभाव र सास्कृतिक धरोहरको वरदानको रुपमा रहेको यस गाउँपालिका विकास र समृद्धिको असिमित संभावना र आधारलाई उपयोग गर्दै सबै पक्षसंग समन्वय र सहकार्यका साथ अघिबढ्न प्रतिवद्ध रहेकोछ ।

**सभासदज्यूहरु,**

“थर्कोटको काखमा शारदाको साथमा,सफा,हराभरा,सुन्दर शान्त त्रिवेणी गाउँपालिका सुशासन,सहभागिता,दीगो विकास सम्बृद्धि र समतामूलक समाज निर्माण निर्माण हाम्रो प्रतिवद्धता” भन्ने मुलनाराकासाथ विभिन्न नीतिहरुको अवलम्बन गर्दै सुरु भएको त्रिवेणी गाउँपालिकाको विकासको प्रथम यात्रा हुदै “त्रिवेणीमा कृषि,पर्यटन र पूर्वाधार, गाउँपालिकाको समृद्धि र विकासको आधार ” नारा सहित अवलम्बन गरिएका विभिन्न नीतिहरुको समिक्षा गर्दा त्यति निरासा हुनुपर्ने अवस्था छैन । समग्रमा गत आ.व.मा लिएका नीतिहरुको देहाय बमोजिम समिक्षा गरिएको छ :

१. गाउँपालिकाको प्रत्येक वडामा सडक सुविधा पुऱ्याउने नीतिलाई कार्यान्वियन गरिएको र त्यस्ता सडकलाई क्रमश : स्तरोन्ती गर्दै पनि लगिएको अवस्था छ ।

२. “सेवाको वरीपरी जनता होइन,जनताको वरीपरी सेवा” को अवधारणा अनुरुप जनतालाई घरदैलोमा नै सेवा सुविधा उपलब्ध गराउने ध्ययले गाउँपालिकाले अप्रेशन सहितको आँखा उपचार,विभिन्न रोगको स्वास्थ्य उपचार सेवा,उन्नत मकैको विउ वितरण तथा नागरिकता वितरण सहितको एकिकृत घुम्ति शिविर संचालन गरी थोरै भएपनि जनतालाई स्थानीय सरकार भएको अनुभूती गराउने प्रयत्न गरिएकोछ भन्ने ठानेकोछु ।

३. नेपाल सरकारले संचालन गरेका विभिन्न अभियानहरुलाई गाउँपालिकाले पनि अभियानकै रुपमा संचालन गर्ने सोच राखीएको र त्यस अनुरुप पूर्ण खोप सुनिश्चितता,पूर्ण सरसफाई जस्ता अभियानहरुलाई पनि प्राथमिकता दिइएको छ ।

४. योजना छनौटलाई बस्तिस्तरबाट सबै पक्षको सहभागितामा स्थानीय आवश्यकता,उत्पादनमूलक तथा वातावरणमैत्रीका साथै प्राथमिकताप्राप्त आयोजनाहरु आयोजनाहरुमा सन्तुलित रुपमा बजेट विनियोजन गर्न योजना तर्जुमा मापदण्ड बनाई योजना तर्जुमा प्रक्रियालाई व्यवस्थित गर्न खोजिएकोछ ।

५. करका दर र दायरा तथा नयाँ क्षेत्रहरुको पहिचान र विकास गर्दै गाउँपालिकालाई आन्तरिक आयमा बलियो बनाउदै लैजान पहल कदमी लिइएकोछ ।

६. भवन निर्माण कार्यलाई व्यवस्थित तथा भूकम्प प्रतिरोधी भवन निर्माण गरी सुरक्षित र व्यवस्थित बस्ति निर्माणको लागि भवन निर्माण मापदण्ड निर्माण गरी सो अनुरुप घर निर्माण तथा बस्ति विकास गर्न सुरुवात गरिएकोछ ।

७. सभ्य र सुसंस्कृत तथा दक्ष जनशक्ति निर्माणको आधारको रुपमा रहेको शिक्षा क्षेत्रलाई सुधार गर्दै सर्वसाधारण जनताको पहुँचमा गुणस्तरीय शिक्षाको प्रत्याभूति दिलाउन त्रिवेणी गाउँपालिकाकाले गत वर्ष नै शिक्षा नीति,२०७४ तथा गाउँशिक्षा योजना,२०७४ तर्जुमा गरी सुधारको थालनी गरेकोमा यो चालु वर्षमा बालबालिकामा राम्रो संकार चालचलन,व्यवहार, स्थानीय कला सस्कृति तथा सामान्य तर जीवनउपयोगी सिपहरुको विकास गर्न “हाम्रो त्रिवेणी” भन्ने पाठ्यक्रम तयार गरी लागु गरिएकोछ ।

८. शिक्षालाई गुणस्तरीय बनाउन गाउँ शिक्षा योजनाको व्यवस्था अनुसार २० जना विद्यार्थी १ शिक्षकको व्यवस्था गर्न स्वयंसेवक शिक्षकको व्यवस्था गरिएकोछ । सामुदायिक शिक्षालाई गुणस्तरीय र प्रतिस्प्रधि बनाउन विद्यालयहरुमा ई-हाजिरि,कक्षा शिक्षकलाई संचारको व्यवस्था गरिएकोछ ।

९. विकास निर्माण,सेवा प्रवाह लगायतका विषयमा छिटो छरीतो र प्रभावकारीता तथा पारदर्शिताको विकास गर्दै सुशासनको अवधारणालाई सुदृढ गर्दै लग्ने प्रयास गरिएकोछ । यसको लागि सबै वडाका जनतासंग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई कार्यक्रमलाई माध्यम बनाइएकोछ । योजनाहरुमा सार्वजिनिक परीक्षणलाई प्रभावकारी बनाउने प्रयास गरिएकोछ ।

१०. विकासमा स्थानयि जनताको सहभागिता र अपनत्वको भावनाको विकास गरी गुणस्तरीय र दीगो विकासको मिठो कल्पना गरी विकास निर्माणका कार्यहरुलाई पूर्णतया उपभोक्ता समिति वा लाभग्राही समिती,समूहबाट संचालन गर्ने नीति लिइएको भएपनि त्यसमा आषातित सफलता प्राप्त नभएको अनुभूति भएकोले पाँचलाख भन्दा माथिका योजनाहरुमा लागत सहभागिता भए उपभोक्ता/लाभग्राही समूह र सो नभए ठेक्काबाट संचालन गरी विभिदिकरण गरी दुवै पक्षको राम्रा नराम्रा पाटाहरुबाट सिकाई लिने काम भएकोछ ।

११. गाउँपालिका भित्र विकासका संभावनाहरुलाई खोजी खोजी उपयोग गर्ने काम भएकोछ । करेलेचौर उद्यान,पिमखोलाको पिकनिक पार्क,पोखरीज्यूलाको दुई स्थानमा आर.सि.सि.कल्भर्ट निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी लगानीयोग्य बनाइएकोछ ।

१२. "स्वास्थ्यको लागि खेलकुद" भन्ने मुलमन्त्रलाई आत्मसाथ गर्दै गाउँपालिका स्तरीय खेलकुद,अध्यक्षकप भलिवल प्रतियोगिता संचालन गरी विद्यालयमा खेलकुदको विकासको सुरुवात गरिएकोछ । एकिकृत गाउँपालिका योजना अन्तरगत गाउँपालिकामा व्यवस्थित खेलकुद मैदान निर्माणको लागि रिखे बगरमा गाउँपालिका स्तरको खेलकुद मैदान निर्माणको DPR निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेकाछ ।

१३. गाउँपालिका तथा वडाहरुको प्रशासनीक भवन नभएकोले सेवा प्रवाहमा असहजता भएकोले ती भवनहरुको लागि गाउँपालिका तथा वडा नं ५ को जग्गा प्राप्ती भई DPR को काम सम्पन्न भएको र वडा नं ३ को लागि जग्गा प्राप्ती हुने क्रममा रहेकोछ ।

१४.गाउँपालिकाको विकासलाई योजनाबद्ध ढंगले अगाढि बढाउन विभिन्न आधारहरु तयार गर्नुपर्ने हुन्छ । त्यसै सिलसिलामा गाउँपालिकाको प्रोफाइल,नगर यातायात गुरु योजना तयार गरिएको, एकिकृत गाउँपालिका आवधिक योजना निर्माणको चरणमा रहेकोछ ।

**१५.** त्रिवेणी गाउँपालिकाको विकासको संवाहकको रुपमा कृषि र पशु विकास क्षेत्रमा केही बजेट विनियोजन गरेको भएपनि सो क्षेत्रमा काम गर्ने दक्ष जनशक्तिको अभाव लगायतका कारणले आशातित सफलता प्राप्त हुन सकेको अवस्थाछैन ।

१६. स्वास्थ्य सेवालाई प्रभावकारी बनाई जनतालाई छिटो छरितो तरिकाले उपचार पाउन सहज बनाउने उद्देश्यले गाउँपालिकाबाट एम्बुलेन्स सेवा सुरु गरिएकोछ ।

**१७ .** त्रिवेणी गाउँपालिकाले गत आ.व.मा अवलम्बन गरेका नीतिहरुको मोटामोटी समिक्षा गर्दा धैरै कामको सुरुवाता गरिएको,केहीमा सुरुवात गर्ने जमर्को गरिएको अवस्थाछ भने केहीमा समय र सन्दर्भ अनुरुप पुनरविचार गर्दै जानुपर्ने अवस्था देखिएको व्यहोरा सम्मानीत सभासमक्ष जानकारी गराउछु ।

१८. सेवा प्रवाहलाई प्रभावकारी,गुणस्तरीय तथा पारदर्शी बनादै लगिएकोछ । यसको लागि सुशासनका औजारहरु : सार्वजनिक परीक्षण,सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम गरी जनताको गुनासो,सल्लाहा प्रतिक्रिया लिने गरिएकोछ ।

**सभासदज्यहरु,**

अव म त्रिवेणी गाउँपालिकाको आगामी आ.व.को सोच,लक्ष्य ,अपेक्षित उपलब्धि र  अवलम्बन गरिएका प्रमुख नीतिहरुको सम्बन्धमा संक्षेपमा जानकारी गराउने अनुमती चाहान्छु ।

**१. सोच :** विकासको संभावनाको रुपमा रहेको कृषि र पशुको व्यवसायीकरणको माध्यमबाट आगामी ५ वर्ष भित्र आत्म निर्भर र सम्बृद्ध त्रिवेणी गाउँपालिका निर्माण गर्ने ।

**३. अपेक्षित उपलब्धी :** स्रोत र साधनको प्रभावकारी ढंगबाट उत्पादनमूलक रोजगारीका क्षेत्रमा खर्च भई जनताको आय,जीवनपद्धती र सोचमा सकारात्मक परिवर्तण आएको हुनेछ ।

**४. मूल मन्त्र (नारा) : "स्वस्थ र समृद्ध त्रिवेणी गाउँपालिका, विकासमा हाम्रो प्रतिवद्धता"**

**१. मूल नीति :**

**"स्वस्थ र समृद्ध त्रिवेणी गाउँपालिका, विकासमा हाम्रो प्रतिवद्धता"**

भन्ने मूल नारालाई साकार पार्न त्रिवेणी गाउँपालिकाको उपलब्ध साधन स्रोतलाई उत्पादनमूलक र छिटो प्रतिफल दिने क्षेत्रमा सहभागितामूलक र प्रभावकारी तरिकाबाट खर्च गर्दै दीगो विकास लक्ष्यको माध्यमबाट विकसित समाज निर्माण गर्नु हाम्रो मूल नीतिरहेकोछ । यस मूल नीतिलाई पछ्याउदै देहायका क्षेत्रगत नीतिहरु तय गरिएकोछ ।

**(क) आर्थिक विकास :**

- भौगोलिक क्षेत्र अनुसार पकेट क्षेत्रको निर्धारण गर्दै कृषि तथा पशु क्षेत्रको व्यवसायिकरण गर्न उत्पादनका आधारमा अनुदान उपलब्ध गराइनेछ । यसको लागि **"कृषकको उत्पादन त्रिवेणी गाउँपालिकाको अनुदान"** कार्यक्रम संचालन गरिनेछ । यसको लागि कार्यक्रम संचालन कार्यविधि निर्माण गरी कार्यक्रम संचालनमा ल्याइनेछ ।
- उत्पादनमा आधारित अनुदान बोट विरुवामा,फलफुलमा, पशुजन्यमा सबै क्षेत्रमा उपलब्ध गराउने व्यवस्था गरिनेछ । यो अनुदान कृषिजन्य सहकारीलाई पनि एकमुष्ट उपलब्ध गराउने नीति लिइनेछ ।
- तल्लो तटिय क्षेत्रमा आँप लिच्ची,मेवा र उपल्लो भागमा सुन्तला,कागती जस्ता अमिला जातका फलफुल तथा ओखर,किवी जस्ता फलफुलको व्यवसायिक उत्पादन बढाउन कृषि फलफुल उत्पादन सहकारीसंग मिलेर गाउँपालिकाले कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- पर्यटन क्षेत्रको विकास गरी आन्तरिक पर्यटन प्रबर्द्धनको माध्यमबाट गाउँपालिकाको आयबृद्धि गर्न त्रिवेणी गाउँपालिकाको पिमखोला नजिको छहरालाई व्यवस्थित गर्न पर्यटन योजना निर्माण गरी उक्त एरियालाई उद्यानको रुपमा समेत विकास गरिनेछ ।
- पर्यटन क्षेत्रलाई पनि विकासको आधार बनाउन "एक वार्ड एक होमस्टे " निर्माण गर्न प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- आन्तरिक पर्यटन प्रर्द्धदनको लागि **"त्रिवेणी गाउँपालिका होमस्टे"** कार्यक्रम संचालन गरिनेछ । यसको लागि प्रति जनप्रतिनिधि र पहिलो पटकलाई गाउँपालिका र वडामा कार्यरत कर्मचारीलाई वार्षिक निश्चित रकम आन्तरिक पर्यटन

प्रवर्द्धन प्रोत्साहान भत्ता तथा छुट्टी उपलब्ध गराउने नीति लिइनेछ । यस सम्बन्धी कार्यक्रम कार्यविधिमा बनाई संचालन गरिनेछ,

- ससाना लघु तथा घरेलु उद्योगहरुको विकास गरी जनताको आयस्तरमा बृद्धि ल्याउनेकार्यलाई निरन्तरता दिएकोछ । यसको लागि प्रविधि आवश्यक पर्ने भए सो समेत उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- सहकारी क्षेत्रको विकास र विविधिकरण गर्दै विषेश गरी कृषि क्षेत्रसंग सम्बन्धित सहकारीको विकास र प्रवर्द्धनको माध्यमबाट जनतालाई व्यवसायिक बनाउने साथै जनताको लगानीलाई सुरक्षित गर्ने नीति लिइने, सहकारीलाई सक्षम बनाउन सहकारी शिक्षा,बजार सहजीकरणको व्यवस्थाको लागि आवश्यक व्यवस्था गरेकोछु ।
- सहकारीलाई क्रियाशिल र सक्षम बनाउन सहकारी मर्जको नीति अवलम्बन गरिनेछ ।
- गरिव परिवारको पहिचान गरी **"गरीवि निवारण सहकारी"** को माध्यमबाट उत्पादनमा जोडी त्रिवेणी गाउँपालिकाबाट गरिव जनताको आयस्तर बृद्धि गरिनेछ ।
- लघु उद्यमहरुको विकास प्रवर्द्धनको लागि त्रिवेणी गाउँपालिकाको केन्द्र लुहाममा सहकारीसंग मिलेर **"कोसेली घर"** को निर्माण तथा संचालन गर्ने व्यवस्था गरिनेछ ।

(ख) सामाजिक विकास :

- स्वास्थ्य सेवा प्रभावकारी रुपमा जनतालाई प्रदान गर्न शनिवार तथा सार्वजनिक विदामा समेत स्वास्थ्य संस्था खुल्ला रहने व्यवस्था मिलाएकोछु ।
- स्वास्थ्य क्षेत्रका घरोहरका रुपमा रहेका महिला स्वयंसेविकाहरुको सेवालाई सम्मान गर्दै काम प्रति अझ उत्साह पदान गर्न स्वयंसेविका प्रोत्साहान कार्यक्रमलाई निरन्तरता दिइने, नयाँ स्थान र कार्यानुभवको लागि लागत सहभागितामा क्रमैसंग अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।
- बालमृत्युदर तथा मातृमृत्युदर कम गर्न तथा कुपोषणबाट गर्भवती महिला र बच्चालाई बचाउन सुत्केरी जाँच गराउन आउने महिलाई आयो नून,सुत्केरी भत्ता तथा बच्चालाई न्यानो झोला दिइने गत वर्षको नीतिलाई निरन्तरता दिइनेछ ।
- जनतालाई स्वास्थ्य सम्बन्धी विभिन्न सेवा घरनजिकबाट उपलब्ध गराउन विभिन्न विषयका (रोगसंग सम्बन्धित) स्वास्थ्य शिविरहरु संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । जनतालाई स्वस्थ खानेपानी सेवा उपलब्ध गराउन उनिहरुकै सहभागितामा नयाँ योजनाहरु निर्माण,पुराना योजनाहरुको मर्मत सुधार गर्ने कार्यलाई निरन्तरता दिइनेछ साथै खानेपानी सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम संचालन गरीनेछ ,
- स्वास्थ्य सेवालाई भरपर्दो र पहुँचयोग्य बनाउन वडा नं ३ र ५ मा स्वास्थ्य संस्थाको भवन निर्माण गरिनेछ । यसको लागि जग्गा प्राप्त गर्ने कार्य सकिएकोछ ।
- जनतालाई गाउँपालिका भित्र नै सामान्य रोगको उपचार सुविधा उपलब्ध गराउन १५ शैयाको अस्पताल बनाउन आवश्यक पहल गर्ने र त्रिवेणी स्वास्थ्य चौकिमा आगामी श्रावन देखि ल्याव सेवा सुरु गर्ने कार्यक्रम ल्याइनेछ ।
- असाहय जेष्ठ नागरिहरुको सम्मान र उचित संक्षणको लागि बृद्धाश्रम निर्माण गरी व्यवस्थित गरीनेछ, जेष्ठ नागरिकको व्यवस्थापन गर्न आवश्यक बन्दोवस्तीका सामानहरु उपलब्ध गराउन चाहने सहयोगी मनहरुलाई जेष्ठ नागरिक दिवसको पुनीत अवसरमा सहयोगको अवसर उपलब्ध गराइनेछ ।
- अपांगता भएका व्यक्तिहरुको **"अपांग हाम्रा साथी"** कार्यक्रममार्फत अपांगता भएका व्यक्तिहरुको लागि विभिन्न सहयोग,सिपविकास तालिमहरु संलाचन गरिनेछ ।
- बालबालिकाको विकासको लागि बालमैत्री कार्यक्रम संचालन गरिनेछ । बाल क्लबहरुलाई परिचालन गरी विभिन्न तालिमको माध्यमबाट **जीवन उपयोगी सिपहरु** सिकाई असल नागरिको विकास गरिनेछ ।
- भाषा सस्कृति संरक्षणको लागि जोड दिइनेछ, त्रिवेणी गाउँपालिकामा रहेका पुराना नृत्यहरुको संरक्षणमा विशेष ध्यान दिइनेछ । यसको लागि **"हाम्रो त्रिवेणी हाम्रो संस्कृति"** भन्ने कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक शिक्षालाई गुणस्तरी र सर्वसुलभ,जीवन उपयोगी बनाउन गाउँ शिक्षा योजना बनाई लागु गरिएको सन्दर्भमा योजनामा गरिएको व्यवस्थालाई प्रभावकारी कार्यान्वयको व्यवस्था गरिनेछ । गाउँशिक्षा नीतिमा समायानुकुल परिमार्जन गर्दै गुणस्तरीय र सुलभ शिक्षाको विकासको आधार बनाइनेछ ।
- " खेलकुदको विकास स्वस्थ जीवनको आधार " भन्ने मूलमन्त्र तय गरी खेलकुदको विकासमा ध्यान दिइनेछ, विद्यालयमा नियमित खेलकुद कार्यक्रम संचालन गरिने व्यवस्था मिलाइनेछ,
- त्रिवेणी गाउँपालिकामा गाउँपालिका स्तर खेलकुद प्रतियोगिताको आयोजना गरी विद्यार्थीहरुलाई खेल महोत्सवको माध्यमबाट मनोरञ्नका साथै खेल शिक्षा तथा गाउँपालिका भित्रका विद्यालयहरु विच मैत्रिपूण प्रतिस्प्रधि भावनाको जागृत गराउने वातावरण तयार गरिनेछ ।
- "खेलकुदको विकास स्वस्थ जीवनको आधार" भन्ने नारालाई साकार पार्न गाउँपालिकालाई खेलकुद मैत्री बनाउने नीति लिइने र त्यसको लागि वडा न. ३ को रीखेबजार क्षेत्रमा गाउँपालिका स्तरको रंगशाला स्थापना गरिने कार्यलाई तदारुकताका साथ अगाडि बढाइएको छ, साथै गाउँपालिकाको मुख्य कार्यालय रहेको स्थानमा एक कवर्डहल पनि बनाउने नीति लिइनेछ ।
- सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर बृद्धि गर्न प्रथम चरणमा मा.वि.हरुमा विद्युतिय हाजिर मेसिन,सिसि क्यामेरा जस्ता विद्युतिय उपकरणको जडान गरिएको र सो कार्यलाई क्रमश : सबै सामुदायिक विद्यालयमा पुऱ्याइनेछ ।
- कार्यसम्पादन सम्झौताको आधारमा शिक्षको मूल्याकन गर्ने परिपाटिको विकास गरी दण्ड र पुरस्कारको नीति अवलम्बन गर्ने कार्यको थालनी गरिनेछ ।
- जेष्ट नागरिकको सम्मान,समाजमा पछि परेका अन्य महिला,दलीत,मुस्लीम, जनजातीहरुको समविकासले मात्र समाजमा सच्चा विकास भएको ठहर्ने हुनाले ती वर्गहरुको लागि आयआज,सशक्तिकरण तथा सवलिकरण जस्ता कार्यक्रम संचालन गरिनेछ साथै जेष्ट नागरिकको सम्मानको लागि क्रमैसंग तिर्थाटनको व्यवस्था मिलाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

**(ग) पूर्वाधार विकास :**

- गतवर्ष संचालन भएका तर पुरा नभएका सडकहरुलाई निरन्तरता दिइनेछ । गुरुयोजना अनुसार सडक नपुगेको बस्तिमा सडक पुराउने व्यवस्था गरिनेछ साथै भएका सडकहरुको स्तरोन्नती गरिदै लगिनेछ र अनावश्यक स्थानमा बाटो काट्ने कामलाई निरुतसाहित गर्दै लगिनेछ,
- गाउँपालिकाका महत्वपूर्ण मोटबाटाहरुलाई गाउँपालिकाका गौरवका योजनाको रुपमा लिई अगाडि बढाइनेछ,
- खेती योग्य जमिनमा सिचाँईका विभिन्न माध्यम अपनाउदै जनताको लागत सहभागितामा पानीको श्रोतको आधारमा भरपुर सिचाँई हुने व्यवस्था गरिनेछ,
- व्यवस्थित वस्ति विकास तथा सुरक्षित भवन निर्माण गर्नको लागि भवन निर्माण मापदण्ड बनाई लागु गरिएको सन्दर्भमा सुरक्षित भवन(बलियो घर) निर्माणको लागि शहरी विकास विभागसंगको सहकार्यमा दक्ष जनशक्तिलाई तालिमको व्यवस्था गर्ने व्यवस्था गरिनेछ ।
- त्रिवेणी गाउँपालिकालाई पूण विद्युतिकरण गर्ने र संचार सुविधायुक्त बनाउन विभिन्न कार्यक्रमहरु संचालनमा ल्याइनेछन,
- स्थानीय भौतिक पूर्वाधार निर्माणमा स्थानीय सहभागिता हुनछाडेको र उपभोक्ता समितिबाट काम गराउदा वित्तिय जोखिमको स्तर समेत बढेको अनुभव देखिएकोले १० लाख भन्दा माथिका सबै आयोजनाहरु  ठेक्का मार्फत गर्ने र २० लाख भन्दा माथिका सबै योजनाहरु अनिवार्य ई-विडिङको माध्यमबाट गर्ने व्यवस्था मिलाइनेछ । १० लाख भन्दा कमका योजनाको हकमा लागत सहभागिता भए अनिवार्य उपभोक्ता समितिबाट गराने र लागत सहभागिता नहुने भएमा आवश्कता अनुसार गर्ने व्यवस्था मिलाइनेछ ।
- आयोजनाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन उपभोक्ता समितिबाट संचालन हुने सबै मोटर बाटा बनाउने योजनाहरु (विषेश गरी नयाँ कटिङ हुने) मा मेसिनको मिटर रिडिङ सिस्टमको माध्यमबाट संचालन गर्ने र त्यसको रेखदेखको लागि विकास समन्वयकर्ताको रुपमा १२ कक्षा उतिर्ण गरेका व्यक्तिहरुलाई काममा लगाउन सक्ने व्यवस्था गरिनेछ ।
- भौतिक संरचनाको मर्मत संभारको लागि मर्मत संभारकोषको व्यवस्था गरी संचालनमा ल्याइनेछ,
- **मोटर बाटाहरुको मर्मत संभार गर्ने, नदि खोलाहरुमा तटबन्ध गर्ने,रिचार्ज पोखरीहरु निर्माण तथा मर्मत गर्ने,कुलो तथा खानेपानीका साना तीना कार्यहरु मर्मत तथा निर्माण गर्ने जस्ता कार्यहरु  पारिश्रमिकमा आधारित कामका लागि आयोजना अन्तरगत संचालन गरिनेछ ।**
- उपभोक्ता समितिबाट निर्माण भएका आयोजनाहरु उनीहरुलाई नै हस्तान्तरण गर्ने व्यवस्थाको थालनी गरिनेछ ।
- त्रिवेणी गाउँपालिका क्षेत्रको भौतिक विकासको लागि विभिन्न आयोजनाको संभाव्यता अध्ययन,विस्तृत परियाजना प्रतिवेदन तयार गरि प्रदेश तथा संघमा पठाउन योजनाबैंक निर्माण गरिनेछ ।
- गाउँपालिकाको प्रशासनीक कामकाजलाई व्यवस्थित गर्न गाउँपालिका तथा वडा कार्यालयको भवन निर्माण गर्नको लागि लागत साझेदारीको लागि प्रदेश तथा केन्द्रमा बजेट माग गरिनेछ ।

**(घ) वन वातावरण तथा विपत व्यवस्थापन :**

- औषधिजन्य तथा उत्पादनमूलक बोट विरुवाहरुको विकास र संरक्षण गर्दै वनलाई  विकासको आधारको रुपमा विकास गर्न **"हाम्रो वन हाम्रो विकास"** कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसमा वनको विकास गर्दै त्यसबाट भएको आम्दानीले ससाना स्थानीय पूर्वाधारमा लगानी गर्ने नीति लिइनेछ,यसको लागि सामुदायिक वनसंगको लागत सहभागिताको व्यवस्था गरिनेछ ।
- जलाधार संरक्षण,जलवायु परिवर्तण सम्बन्धमा विषेश कार्यक्रम ल्याइनेछ,
- त्रिवेणी गाउँपालिकालाई स्वस्थ र सफा राख्न "जसले फोहर गर्छ उसले सफा गर्छ" भन्ने नीति ल्याइनेछ,
- विभिन्न प्रकोपहरुबाट नागरिकहरुलाई बचाउन तथा तीनको व्यवस्थापन गर्न विपत व्यवस्थापन नीति तथा योजना बनाइनेछ । यसको लागि विपत व्यवस्थापन कोष स्थापना गर्ने व्यवस्था गरेकोछु ।
- वातावरण संरक्षण गर्न पुराना पोखरीहरुलाई संरक्षण,मर्मत र संभार गर्ने कार्यलाई निरन्तरता दिइनेछ साथै आवश्यक ठाउँहरुमा नयाँ पोखरीहरुको निर्माण कार्यलाई प्राथमिकतामा राखिनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।
- वातावरण संरक्षणको लागि वन उपभोत्ता समूहहरु संगको सहकार्यमा खाली स्थानमा वृक्षा रोपन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

**(ङ) सुशासन तथा संस्थागत विकास**

- कार्यालयको संस्थागत क्षमता विकास गर्न आवश्यक कार्यक्रम बनाई लागु गरिनेछ । स्वास्थ्य संस्थाहरुको अभिलेख व्यवस्थापन गर्न आवश्यकता हेरी कम्प्यूटसर प्रिन्टरको व्यवस्था गरिनेछ ।
- परदर्सिता तथा वित्तिय जोखिम न्यूनिकरण गर्नको लागि विद्युतिय हाजिर मेसिनको व्यवस्था,सार्वजनिक परिक्षण,सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण जस्ता सुशासनका औजारहरुको प्रयोग गर्ने कार्यक्रमहरु संचालन गर्ने व्यवस्था गरिनेछ ,
- सार्वजनिक वित्तिय जोखिम न्यूनिकरण गर्न स्थानीय स्तरमा उपभोक्ता समितिहरुबाट संचालन गरिने कार्यक्रम तथा निर्मान कार्यमा पेश्की नदिने नीतिलाई निरन्तरता दिइनेछ, साथै कार्यालयको वित्तिय जोखिम न्यूनिकरण गर्नको लागि वित्तिय नियन्त्रणका प्रावधानहरु  लागु गरिनेछ ।
- गाउँपालिकाबाट सम्पादन हुने क्रियाकलापहरुका बारेमा जनतालाई सुसूचित गर्न "त्रिवेणी गाउपाकिाको जनताको प्रश्न जनप्रतिनिधिको जवाफ"  कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा ल्याउने व्यवस्था गरेकोछु ।
- विकास निर्माण कार्यलाई पारदर्सी र व्यवस्थित बनाउन तथा उपभोक्ता समितिहरुलाई थप जिम्मेवारी बनाउन क्षमता विकासका कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाको आन्तरिक शान्ति सुरक्षा,अवरोध हटाउने,उद्धार कार्य,बजार व्यवस्थापन जस्ता कार्यलाई व्यवस्थित गर्नको लागि **नगर प्रहरीको** व्यवस्था गरिकोले नगर प्रहरीहरुको क्षमता वृद्धि तथा कार्यमूलक बनाउने नीति लिएकोछु ।

- ❖ गाउँपालिकाबाट संचालन हुने सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउन नागरिक सचेतनाका टुल्सहरुको विकास र प्रयोग गरिनेछ,कर्मचारीको क्षमता विकास गर्न विभिन्न क्रियाकलाप संचालन गर्ने व्यवस्था गरिनेछ ।
- ❖ सेवा प्रवाहालाई गुणस्तरीय र चुस्त दुरुस्त बनाउन कर्मचारीरुको मनोबल उच्च हुनपर्ने भएकोले कार्यालयको आन्तरिक आम्दानी,कार्यबोझ समेतको विचार गरी पारिश्रमिकमा पुनरावलोकन गरिनेछ ।
- ❖ संस्थागत विकासको लागि विभिन्न सफ्टवयर जडान,विभिन्न कानून तथा दस्तावेज निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ कार्यालयमा जनशक्तिको अभाव भएकोले स्थायी व्यवस्था नभए सम्मको लागि प्राविधिक तथा कार्यालय सहयोगी स्तरका कर्मचारीहरु करारका भर्ना गरी कार्यसंचालन गर्ने नीति लिइनेछ ।
- ❖ कार्यालयको काम कारवाहीलाई व्यवस्थित बनाउन समयानुसार प्रविधिमैत्री बनाउनु पर्ने हुनाले सो अनुसार आवश्यक प्रविधिहरुको व्यवस्था गरिदै लगिनेछ ।
- ❖ कार्यालयको कामकाजलाई प्रभाकारी र प्रविधिमैत्रि बनाउन कर्मचारीहरुलाई पनि विभिन्न विषयका क्षमता विकास तथा रिफ्रेर तालिमको व्यवस्था गरिनेछ । यस्तो तालिम आवश्यकता अनुसार जनप्रतिनिधिहरुको लागि पनि व्यवस्था गरिनेछ ।

**(च) विविध**

- √ तथ्याङ्क सबै विकासको आधार हो । तथ्याङ्क विना गरिएको विकास निशाना विनाको प्रहार सरह हुने कुरालाई ध्यानमा राख्दै क्रमश सबै कुराको तथ्याङ्क व्यवस्थित गर्दै लगिनेछ ।
- √ गाउँपालिकाको केन्द्र तथा वडा कार्यालयहरुको भवन निर्माणको लागि जग्गा दान गरी योगदान गर्नुहुने व्यक्तिहरुलाई सम्मान गर्दै उहाँहरुको अभिलेख व्यवस्थित गर्ने व्यवस्था गरिनेछ ।
- √ समाजको एउटा रोगको रुपमा रहेको लागुपद्धार्थ दुर्वेसन कार्य फैलदै गएको वर्तमान सन्दर्भमा त्यसलाई रोकथाम गर्न आवश्यक पहल कदमी लिइनेछ ।
- √ आपद विपद परेकालाई थोरै भएपनि स्थानीय सरकारबाट राहात उपलब्ध गराउन आवश्यक हुन्छ । यसको लागि विपदमा स्थानीय सरकार कार्यक्रम अन्तरगत राहात उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- √ फुसको छाना भएको घर भएको अवस्थामा धेरै प्रकारका प्रकोपहरु आउन सक्ने अवस्था भएकोले त्यस्ता छाना भएका घरहरुमा क्रमश : जस्ताको छानाको व्यवस्था गरी संभावित प्रकोपहरुबाट बचाउन आवश्यक नीति लिइनेछ ।
- √ सबै घर परिवारमा वत्तिको सुविधा पुऱ्याउने गाउँपालिकाको नीति भएकोले विद्युतिकरणको लागि विशेष पहल गरिनेछ । दुर्गम स्थानहरु जहाँ विद्युत लाइन पुऱ्याउन बढि खर्चिलो छ त्यस्ता स्थानहरुमा वैकल्पिक उर्जाको माध्यमबाट बत्ति पुऱ्याउने नीति लिइनेछ ।

**अन्तमा,**

विकासको महायात्रा एक्लै त्रिवेणी गाउँपालिकाले मात्र तय गर्न सक्ने कुरा नभै सबैको सहकार्य र सहयोगमा संभव हुने कुरा हो । विकास एक पक्षिय,विनास निम्त्याउने खालको भएमा त्यो विकास वास्तिविक विकास नहुने हुनाले समविकासको बाटो नै समृद्धिको गन्तव्यहो भन्ने कुरामा यो गाउँपालिका जानकार छ । विकास सरकारले मात्र गरेर नपुग्ने र दीगो पनी नहुने कुरामा हामी भुक्तभोगी भएको वर्तमान अवस्थामा सोचमा परिवर्तन गरी हाम्रा लागि हुने विकासमा हामीसवैको सहयोग सदभाव र योगदान भए दीगो विकास अवस्य हुनेछ भन्ने विश्वास लिएकोछु ।

धन्यवाद ।

**त्रिवेणी गाउँपालिकाको आ.व.२०७६।७७ को महत्वपूण नीतिहरु :**

१. मुलमत्र(नारा) **“स्वस्थ र समृद्ध त्रिवेणी गाउँपालिका, विकासमा हाम्रो प्रतिबद्धता”**

२. कृषिको व्यवसायीकरण प्रवर्द्धनको लागि **“कृषकको उत्पादन,गाउँपालिकाको अनुदान”** कार्यक्रमको संचालन ।

३. पर्यटन विकासको लागि “त्रिवेणी गाउँपालिकामा होमस्टे)कृषकको उत्पादन,गाउँपालिकाको अनुदान”

४. होमस्टे कार्यक्रमलाई प्रवर्द्धन गर्न गाउँपालिकाका कर्मचारी जनप्रतिनिधिहरुलाई निश्चित रकम सहितको छुट्टी दिने व्यवस्था ।

५. तथ्यांकलाई व्यवस्थित गर्दै विपन्न परिवारको उत्थानको लागि गरीवी निवारण सहकारी गठन गरी कार्यक्रम संचालन गर्ने

६. उद्यु उद्यम विकास र प्रवर्द्धनको लागि सहकारी संस्थासंगको सहकार्यमा **कोसेली घरको** व्यवस्था गरिने

७. जनतालाई स्थानीय स्तरमा नै अप्रेशन सहितको आँखा,अन्य स्वास्थ्य जाँच र अन्य विषको सेवा सहितको शिविर संचलन गरिने ।

८. अपांगहरुलाई सहज जीवनयापनको लागि **“आपांग हाम्रा साथी”** कार्यक्रम संचालन गरिने ।

९. असल नागरिक निर्माण गर्न बालबालिकालाई जीवन उपयोगी सिप सम्बन्धी कार्यक्रम संचालन गरिने ।

१०. कला सस्कृतिको संरक्षण सम्बर्द्धन गर्न **“हाम्रो त्रिवेणी,हाम्रो सस्कृति”** कार्यक्रम संचालन गरिने ।

११. खेलकुदको विकासको लागि गाउँपालिका स्तरीय खेलकुद तथा अध्यक्षकप खेलकुद प्रतियोगिता संचालन गरिने ।

१२. त्रिवेणी गाउँपालिकाका महत्वपूर्ण बाटाहरुलाई गाउँपालिकाका गौरवका योजनाका रुपमा विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिने ।

१३. सार्वजनिक निर्माणको कार्यलाई बढि नतिजामूलक बनाउन नयाँ कटिङका कार्यमा डोजरको मिटर रिडिङको व्यवस्था गर्न विकास स्वयंसेवक परिचालन गरिने ।

१४. लागु पदार्थ दुर्व्यसन विरुद्धका कार्यक्रम संचालन गरिने ।

१५. सार्वजनिक विदाको दिनमा समेत स्वास्थ्य सस्था संचालन गरी सेवा दिने व्यवस्था गरिने ।

१६. स्थानीय पाठ्यक्रम लागुगर्न पाठ्यपुस्तक प्रकाशन गर्ने ।

१७. महिला स्वयंसेविकालाई अवलोकन भ्रमनको व्यवस्था गरिएको ।